मधेश प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

पत्र संख्याः २०८२।०८३
च.नं.: १३४९

मितिः २०८२।१२।२३

**विषयः विवरण उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री मन्त्रालय/ सचिवालय/ आयोग/ कार्यालय (सबै),
मधेश प्रदेश, जनकपुरधाम ।

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना (निजामती) को च.नं. ४६३ मिति २०८२ / १२ / २२ को पत्रानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट संघ, प्रदेश र स्थानीय तहमा रहेको संगठन संरचना, दरबन्दी तथा पदपूर्ति सम्बन्धी विवरण सात दिन भित्र अद्यावधिक गर्ने भनि निर्देशन प्राप्त भए अनुसार मधेश प्रदेश स्थित सम्पूर्ण कार्यालयको संगठन / दरबन्दी तथा पदपूर्ति सम्बन्धी विवरण अद्यावधिक गर्न राष्ट्रिय किताबखाना (निजामती) बाट यस कार्यालयमा मुकाम खडा गरी कार्य सञ्चालन भई रहेकोले तहाँ कार्यालयमा रहेको तपसिलमा उल्लेख भए अनुसारको विवरण सोही प्रयोजनको लागि मात्र खोलिएको Dedicated e-mail: pismadhesh@gmail.com मा तीन दिन भित्र उपलब्ध गराई दिनु हुन आदेशानुसार अनुरोध छ । साथै, कार्यरत कर्मचारीहरूको विवरण अद्यावधिक भए नभएको यकिन गरि विवरण अद्यावधिक नभएको अवस्थामा आवश्यक कागजात उपलब्ध गराई "विवरण अद्यावधिक विशेष अभियान" लाई सफल बनाई दिनु हुन समेत अनुरोध छ ।

तपसिलः

१. हाल कायम रहेको स्वीकृत संगठन र दरबन्दी विवरण

२. कार्यरत स्थायी कर्मचारीको विवरण

(कर्मचारी संकेत नं. नाम थर, पद, श्रेणी, सेवा, समूह, उपसमूह, मोबाइल नं. समेत खुल्ने गरी

३. करार सेवामा कार्यरत कर्मचारीको विवरण

(नाम थर, पद, श्रेणी, सेवा, समूह, उपसमूह, मोबाइल नं. समेत खुल्ने गरी)

४. २०८२ फाल्गुन महिनाको तलव भुक्तानी गरेको विवरण ।

२०८२/१२/२२

..................
(नीरज श्रीवास्तव)
शाखा अधिकृत

**बोधार्थः**

श्री राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुर ।